नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार आषाढ १५ गते देशभरका विभिन्न सीमानाकाहरूबाट ३,०४१ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि आषाढ १५ गते १५७ स्थान साथै अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन २८४ स्थानमा अनुगमन गरिएको छ। हाल सम्म निषेधाज्ञा अवज्ञा गर्ने १,९२,१४९ सवारी साधनलाई र मास्क नलगाई हिंडडुल गर्ने ४,५६,४७७ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा १,५८९ सवारी साधनलाई र मास्क नलगाई हिंडडुल गर्ने २,१४४ जनालाई कारवाही गरिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका छन्। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनकोक्रममा एक वटा चमेनागृह अनुगमन गरी रू. २०,००० जरिबाना गरिएको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति नियमित भइरहेको तथा मौज्दात पर्याप्त रहेको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ६५,१३,२१७ थान मेडिकल उपकरणहरू र ११,८६६ एम.टि.क्यू अक्सिजन लगायतका औषधीहरू पैठारी भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगन्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले १३ आन्तरिक उडान भरी ७१ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १० रहेको छ।

२०७८/०३/१६

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np